# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ३, असोज २८ गते, २०७७ साल


भाग-२

## कृषि/पशु विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७

**प्रस्तावना**

कृषि पेशालाई मर्यादित एवं व्यवस्थित गर्न निर्वाहमुखि खेती प्रणाली लाई व्यवसायीक बनाउन एकीकृत रुपमा पुँजी र प्रक्रिया प्रवाह गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी स्वरोजगार प्रर्वद्धन मार्फत ग्रामीण एवं कृषि क्षेत्रबाट युवा पलायन लाई न्युनिकरण गर्दै मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुरयाउने उद्धेश्यले माहकाली नगरपालिका कृषि/पशुविकास शाखा दोधारा चादनी कञ्चनपुरले कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिका २०७७ स्विकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यक्रम सञ्चालन निर्देशिकाको नाम "कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिका २०७७" रहेको छ ।

(२) यो निर्देशिका माहाकाली नगरपालिका नगर कार्यपालिका दोधारा चादनी कञ्चनपुरबाट स्विकृ तभएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले आर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "कार्यक्रम" भन्नाले कृषिमा युवा कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "अनुदान" भन्नाले कृषि/पशु विकसमा युवा कार्यक्रम कार्यन्वयन अर्न्तगत कृषि, मत्स्य र पशुपालन क्षेत्र अर्न्तगतका उत्पादन,प्रशोधन,मुल्य अभिवृद्धि बजारीकरण, विविधीकरण लगायतका कार्यहरुमा प्रदान गरीने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्दछ ।

(ख)"अनुदानग्राही" भन्नाले यस प्रकृया बमोजिम अनुदान प्राप्त गर्ने युवा कृषक/उद्यमी सम्झनु पर्दछ ।

(ग)) "श्रोत व्यक्ति" भन्नाले कृषि/पशु विकास युवा कार्यक्रममा सघाउ पुरयाउने उद्धेश्यले सम्बन्धित वडा कार्यालय बाट निश्चित सेवा शर्त सुविधा सहित छनौट गरीएको प्राविधिक सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम कार्यन्वयन इकाइ" भन्नाले माहकाली नगर पालिका अर्न्तगतका कृषि विकास शाखा/पशु विकास शाखाका शाखा प्रमुखको नेतृत्वमा बन्ने ईकाईलाई सम्झनु पर्दछ ।

(ङ) "निर्देशक समिति" भन्नाले दफा ४को उपदफा १ बमोजिमको समिति सम्झनु पर्दछ ।

(च)"स्थानिय तह"भन्नाले माहाकाली नगर पालिका दोधारा चादनी कञ्चनपुर सम्झनु पर्दछ ।



भुक्तानी हुन नसके दोश्रो पक्षको कुनै दावी रहने छैन । र यसमा उजुर बाजुर गर्ने छैन ।

५. पहिलो पक्षबाट प्राप्त रकम कार्ययोजनामा तोकिएको काम बाहेक अन्य काममा खर्च गर्न दुरुपयोग गर्न पाईनेछैन। र त्यस्तो भएको पाईएमा निजलाई सो रकम असुल उपरको लागी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरीनेछ ।

६.यस कार्यक्रम अनुसुार सञ्चालित कार्यक्रम सम्पन्न भए पश्चात कम्तिमा तिन बर्ष सम्म निरन्तरता दिनु पर्नेछ। अन्यथा सरकारी बाकी सरह असुल उपर गर्न सकिनेछ ।

७. यस सम्झौता बमोजिम उल्लेखित काम गर्दा परी आउन सक्ने कुनैपनी भवितब्य/प्राकृतिक विपत्तिको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| नामः | नामः |
| संस्थाको नाम : | कार्यालय : |
| पदः | पद : |
| मोबाइल नं : | मोबाइल नं : |
| हस्ताक्षरः | हस्ताक्षर : |
| साक्षी : | साक्षी : |
| नामः | नामः |
| ठेगाना : | ठेगाना : |

प्रमाणिकरण मिति : २०७७ असोज ०७

आज्ञाले
गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची–२
### कृषि/पशु विकासमा युवा कार्यक्रम सञ्चालनका लागी गरिने द्विपक्षीय सम्झौता–पत्र

आज मिति ......... मा स्थानिय निकाय.............(यसपछि प्रथम पक्ष भनिने) र मेरो/हाम्रो संस्था/ समुह/समिति
(यसपछि दोश्रो पक्ष भनिने) विच प्रथम पक्षको सहयोगबाट मेरो/हाम्रो संस्था/ समुह/समितिले सञ्चालन गर्ने कृषि/पशु विकासमा युवा कार्यक्रम सम्बन्धमा विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री.............(यसपछि दोश्रो पक्ष भनिने) र कार्यक्रम कार्यन्वयन गर्ने स्थानिय निकाय............. यसपछि(यसपछि प्रथम पक्ष भनिने) विच देहायका कार्यहरु गर्न हामी दुवै पक्षहरु विच सहमती भई तपसिलको शर्तनामा तथा रहेबरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरेका छौ ।

१. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा दुवै पक्षबाट हस्ताक्षर भएको मितिले ७ दिन भित्र दोश्रो पक्षले कार्यक्रम शुरु गरी यसको लिखित जानकारी प्रथम पक्षलाई गराउनेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनका लागी कार्ययोजना अनुसार कार्य सम्पन्न प्रतिवेदनका आधारमा २ किस्तामा रकम उपलब्ध गराईनेछ ।अनुदान भुक्तानी सम्बन्धि समपुर्ण प्रकृया नेपाल सरकारले सिफ्कृत गरेको कृषि ब्यवसाय प्रवद्धन अनुदान कार्यविधि २०७६ अनुसार हुनेछ ।

३.सम्झौता भएको मिति बाट दोश्रो पक्षले सम्बन्धित आर्थिक बर्षभित्र कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

पहिलो पक्षले दोश्रो पक्षबाट सञ्चालन भएको ब्यवसायको नियमित अनुगमन गर्नेछ ।

४. कार्यक्रम सञ्चालन अवधिमा कार्ययोजना बमोजिमको कार्यक्रम सम्पन्न हुन नसकी कुनै काम बाकी रहे प्रथम पक्ष बाट रकम भुक्तानी हुने छैन । र



(छ) “कृषि विकास शाखा” भन्नाले माहाकाली नगरपालिका अर्न्तगतको कृषि विकास शाखा सम्झनु पर्दछ।

(ज) “पशु विकास शाखा” भन्नाले माहाकाली नगरपालिका अर्न्तगतको पशु विकास शाखा सम्झनु पर्दछ।

(झ) “युवा” भन्नाले १८ देखि ४० बर्ष सम्मको उमेर भएको माहाकाली नगरपालिका अर्न्तगत बसोबास भएको नेपाली नागरीक सम्झनु पर्दछ।

(ज) “प्रस्ताव” भन्नाले कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रममा सहभागी भई अनुदान प्राप्त गर्न युवा कृषक/उद्यमी बाट तोकीएको ढाँचामा पेश भएको आयोजना माग सम्झनु पर्दछ।

(ज) “वडा कार्यालय” भन्नाले माहाकाली नगरपालिका अर्न्तगतको प्रशाशनिक विभाजन बमोजिमका १० वटा वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद-२
### कार्यक्रम सञ्चालन प्रक्रिया

३. यो कार्यक्रम माहकाली नगरपालिका मातहतका वडा कार्यालय बाट अनुसुचि–१ म उल्लेख भएका वडा र अनुसुचि–२ मा उल्लेखित वाली वस्तुहरुमा केन्द्रित रहि सञ्चालन हुनेछ ।

**४. निर्देशक समिति** ः

(१) यस कार्यक्रम सञ्चालनमा समन्वय एवं आवश्यक निर्देशन दिन एक निर्देशक समिति रहनेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने निर्देशक समितिमा निम्नानुसार पदाधिकारी रहनेछन् ।

नगर प्रमुख, माहाकाली नगर पालिका – अध्यक्ष
नगर उपप्रमुख, माहाकाली नगर पालिका – उपाध्यक्ष
वडा अध्यक्ष सबै माहाकाली नगर पालिका – सदस्य
प्रमुख प्रशाशकीय अधिकृत माहाकाली नगर पालिका – सदस्य

योजना शाखा प्रमुख, माहाकाली नगर पालिका – सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख, माहाकाली नगर पालिका – सदस्य

महिला तथा वाल वालिका शाखा प्रमुख, माहाकाली नगर पालिका – सदस्य

कृषि/पशुविकास शाखा प्रमुख, माहाकाली नगर पालिका – सदस्य सचिव

(३) उपदफा (२) बमोजिम सदस्यहरु रहने निर्देशक समितिमा आवश्यकता अनुसार बढिमा ३ जना विज्ञहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) दफा उपदफा (२) बमोजिमको कार्यक्रम निर्देशक समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अनुदान वितरणको प्रभावकारिता र अन्य नीतिगत बिषयहरुमा आवश्यक निर्णय गर्ने ।

(ख) कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिकामा संशाधन गर्नुपर्ने भएमा सशोधनका लागी सिफारीस गर्ने ।

(ग) कृषि/पशु विकास युवा कार्यक्रममा सघाउ पुरयाउने उद्धेश्यले सम्बन्धित वडा कार्यालय बाट सिफारीस गरीएको श्रोत ब्यक्ती (प्राविधिक) लाई निश्चित सेवा शर्त सुविधा सहित करारमा राख्न सक्नेछ ।

(घ) कार्यक्रम सञ्चालन सम्बन्धमा अनुदानग्राही बाट प्राप्त गुनासोको अन्तिम टुङ्गो लगाउने ।

(ङ) कार्यक्रम कार्यन्वयनका सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(५) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय,स्थानमा बस्नेछ ।अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठक सञ्चालन तथा निर्णय प्रक्रिया निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।



## अनुसूची–२

मुल्याङ्कनका आधार

| क्र. स. | आधार | अंक | सूचक र अंकभार | कैफियत |
|---|---|---|---|---|
| १. | शैक्षिक स्तर औपचारिक, अनैपचारीक | १० | माध्यामिक माथि–१०माध्यामिक भन्दा कम–१० | प्रमाण पत्र पेश गर्नुपर्ने |
| २. | वैदेशिक रोजगार | १० | वैदेशिक रोजगारीमा गएको –१० नगएको ६ | राहदानी पेश गर्नुपर्ने |
| ३. | कार्य अनुभव (सम्बन्धित ब्यवसायमा) | १० | ५ बर्ष माथी–१० ५ बर्ष भन्दा तल–६ | प्रमाण पत्र पेश गर्नुपर्ने |
| ४. | सम्बन्धित ब्यवसायमा तालिम | १० | तलिम लिएको –१० नलिएको–६ | प्रमाण पत्र पेश गर्नुपर्ने |
| ५. | फर्म वा ब्यवसाय दर्ता | १० | फर्म दर्ता भएको–१० नभएको–६ | प्रमाण पत्र पेश गर्नुपर्ने |
| ६. | आवेदकको लैङ्गिक अवस्था | १० | दलित–८ आदिवासी जनजाती–८ अन्य–६ | नागरीकताको प्रमाण पत्र पेश गर्नुपर्ने |
| ७. | आवेदकको सामाजिक अवस्था | १० | महिला–८ पुरुष–६ अन्य–१० | प्रमाण पत्र पेश गर्नुपर्ने |
| ८. | शहिद तथा द्वन्द पिडित | १० | शहिद भए– १० द्वन्द पिडित –८ | प्रमाण पत्र पेश गर्नुपर्ने |
| ९. | पुरस्कृत कृषक उद्यमी | १० | पुरस्कृत भए– १० नभएमा –० | प्रमाण पत्र पेश गर्नुपर्ने |
| १०. | ब्यवसायको नौलोपना, दिगोपना | १० | उत्तम –१० मध्यम –५ न्युन –३ | रोजगारी सृजना,नया प्रविधि,क्षेत्रफल विस्तार |
| | कुल जम्मा | १०० | | |

## अनुसूची–१

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

कार्यक्रममा छनौट भएका वाली वस्तु रसम्बन्धित व्यवसायको न्युनतम आकार

| क्र.स. | कृषि तर्फ | पशुपंक्षि तर्फ |
|---|---|---|
| १. | ताजा तरकारी (खुला) १० कठ्ठा | दुध उत्पादन (गाई,भैसी) कम्तिमा ५ गोटा दुधालु पशु २५ लिटर दुध प्रति दिन |
| २. | ताजा तरकारी (संरक्षित) ५ कठ्ठा | बाख्रापालन कम्तिमा २५ गोटा माउ |
| ३. | अन्न वाली (बीजवृद्धि) २० कठ्ठा | बंगुर पालन कम्तिमा ५ गोटा माउ |
| ४. | उखु खेती ४० कठ्ठा | स्थानिय कुखुरा पालन कम्तिमा २०० गोटा |
| ५. | केरा खेती २० कठ्ठा | माछा(कार्प प्रजाति) कम्तिमा १० कठ्ठा |
| ६. | मसला बाली १० कठ्ठा | मासु पसल स्थापना |
| ७. | फलफुल नर्सरी स्थापना२० कठ्ठा | डेरी पसल स्थापना |



**५. कार्यक्रम कार्यन्वयन ईकाई :**

(१) कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिका अनुरुपको कार्यक्रमको समग्र कार्यन्वयन कृषि क्षेत्र तर्फ कृषि विकाश शाखा र पशुपंक्षि तर्फ पशुविकाश शाखा मार्फत हुनेछ ।कार्यन्वयनको लागी प्रत्येक शाखा बाट एक जनालाई संयोजक तोकीनेछ । तोकिएका संयोजक मातहत कार्यक्रम सञ्चालन भएका वडामा सम्बन्धित श्रोत व्यक्ति(प्राविधिक) रहने गरी कार्यक्रम कार्यन्वयन ईकाईको व्यवस्था गरीनेछ । कार्यक्रम कार्यन्वयनको कार्यभार अनुसार कार्यन्वयन ईकाईले निर्देशक समितिको स्विकृतिमा शाखा वा वडा कार्यालय हरुबाट थप श्रोत व्यक्ति(प्राविधिक) हरु परिचालन गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिमका कार्यक्रम कार्यन्वयनका ईकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रस्ताव आव्हानको सुचनाको नमुना, प्रस्ताव मुल्याङ्कन वा छनौटको आधार तयार पार्ने ।

(ख) आवेदकले पेश गर्ने प्रस्तावको ढाँचा विज्ञहरु संग समेतको परामर्शमा तयार पार्ने ।

(ग) प्रस्तावहरुको प्रारम्भिक छनौट योग्यताक्रम निर्धारण तथा अन्तिम छनौट गरी सो को जानकारी निर्देशक समितिमा पेश गर्ने ।

(घ) प्राप्त प्रस्तावहरुको संख्यालाई आधार मानी समानुपातिक तवरले लाभग्रहीको संख्या निर्धारण गर्ने ।

(ङ) सञ्चालन प्रक्रियामा परिमार्जन आवश्यक भए निर्देशक समितिमा सिफारीस सहित पेश गर्ने ।

(च) कार्यक्रमको समग्र कार्यन्वयन तथा अनुगमन निरीक्षण गर्ने/गराउने ।

**६. श्रोत व्यक्ती (प्राविधक) को योगयता शर्त :**

(१) श्रोत व्यक्ती (प्राविधिक) को योग्यता एवं शर्तहरु निम्नानुसार हुनेछ ।

(क) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको नेपाली नागरीक ।

(ख) कृषि वा पशु विज्ञान विषयमा कम्तीमा १८ महिने तालिम लिई प्राविधिक एस.एल.सि. उर्तिण गरेको ।(ग) प्रचलित कानुनले अयोग्य नठहरीएको।

(२) उपदफा १ बमोजिमको श्रोत व्यक्ती (प्राविधक) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रस्ताव आव्हान भए पश्चात सुचनाको प्रचार प्रशार गर्ने।

(ख) आवेदन प्रकृयामा सहजिकरण गर्ने।

(ग) योग्यताक्रमको सुचिमा परेका प्रस्तावहरुको स्थलगत जाँच गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्विकृत भएका आवेदकसंग वार्ता एवं सम्झौताको कार्य गर्ने ।

(ङ) अनुदान भुक्तानीका लागी तोकिए अनुसारको कार्य भए नभएको यकिन गरी कार्यक्रम कार्यन्वयन ईकाईमा सिफारीस गर्ने ।

(च) कार्यक्रमको नियमित अनुगमन निरीक्षण गर्ने।

(छ) विभिन्न सरोकारवाला हरु संग समन्वय गर्ने ।

**७. प्रस्तावकको योग्यता/शर्त** : (१) व्यवसाय प्रस्ताव पेश गर्ने आवेदकहरुको योग्यता एवं शर्तहरु निम्नानुसार हुनेछ ।

(क) १८ बर्ष पुरा भई ४५ बर्ष सम्मका नेपाली नागरीक ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएको(जग्गाको स्वामित्व भोगाधिकार खुल्नेप्रमाण) वा एकाघरको जग्गा भए कार्यक्रम सञ्चालन गर्न जग्गाधनीको मञ्जुरीनामा ।

(ग) प्रचलित कानुनले अयोग्य नठहरीएको।

(घ) भाडामा लिएको भए सम्झौताको -न्युनतम५ बर्षको) प्रतिलिपि सहित जग्गाको स्वामित्व वा भोगाधिकारको प्रमाणपत्र(कानुनि आधार खुलेको)



**अनुसूची–१**

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

कार्यक्रममा छनौट भएका वाली वस्तु रसम्बन्धित व्यवसायको न्युनतम आकार

| क्र.स. | कृषि तर्फ | पशुपंक्षि तर्फ |
|---|---|---|
| १. | ताजा तरकारी (खुला) १० कठ्ठा | दुध उत्पादन (गाई,भैसी) कम्तिमा ५ गोटा दुधालु पशु २५ लिटर दुध प्रति दिन |
| २. | ताजा तरकारी (संरक्षित) ५ कठ्ठा | बाख्रापालन कम्तिमा २५ गोटा माउ |
| ३. | अन्न वाली (बीजवृद्धि) २० कठ्ठा | बंगुर पालन कम्तिमा ५ गोटा माउ |
| ४. | उखु खेती ४० कठ्ठा | स्थानिय कुखुरा पालन कम्तिमा २०० गोटा |
| ५. | केरा खेती २० कठ्ठा | माछा(कार्प प्रजाति) कम्तिमा १० कठ्ठा |
| ६. | मसला बाली १० कठ्ठा | मासु पसल स्थापना |
| ७. | फलफुल नर्सरी स्थापना२० कठ्ठा | डेरी पसल स्थापना |

सञ्चालन गरिएको क्रियाकलापको, कुल लागत,नगर पालिकाले उपलब्ध गराउने अनुदान रकम वा सामग्री र अनुदान ग्राहीको सहभागिता रकम सहितको जानकारीमूलक होर्डि· बोर्ड राख्नुपर्ने छ ।

**१५. सम्झौता बमोजिम हुने ः**

(१) यस प्रकृया अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पुर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको पैयोजनको लागी मात्र गरिनेछ। र कार्यन्वयन ईकाई(कृषि/पशु विकास शाखाको स्विकृति वेगर कुनै प्रकारको फेर बदल वा संरचनाको स्वरुप परिर्वतन, पुर्ननिर्माण वा बिक्री बितरण गर्न पाईने छैन ।

(२) सम्झौतामा अनुदानग्राही र स्थानिय सरकारका तर्फबाट सम्पन्न हुने क्रियाकलाप स्पष्ट पार्नुपर्नेछ र सोही आधारमा कार्यन्वयन गर्नुपर्नेछ । सम्झौता भएपछि परिमार्जन गर्नुपर्ने भएमा कार्यालयको पुर्व स्विकृति लिएर मात्र कार्यन्वयन गर्नुपर्नेछ ।

**१६. अनुगमन सम्बन्धि ब्यवस्था ः**

(१) कार्यक्रमको नियमित अनुगमन कृषि/पशु विकास शाखाले गर्नु पर्नेछ ।

(२) कार्यक्रमको अनुगमन तथा निरिक्षण सम्बन्धित निर्देशक समितिको समन्वयमा गर्न सकिनेछ ।

(३) उपदफा १ र २ बमोजिम अनुगमन तथा निरिक्ष्णका क्रममा दिईएको सुझाव कार्यन्वयन गर्नु अनुदानग्राहीको कर्तब्य हुनेछ ।

४. सम्झौता बमोजिम सम्पादन गरेको कार्य प्रगति प्रमाणीकरणको आधारमा भुक्तानीको ब्यवस्था मिलाउनु पर्नेछ ।

५. यस निर्देशिका बमोजिम सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा कृषि/पशु विकास शाखा समक्ष गुनासो गर्न सकिनेछ । सम्बन्धित शाखाले गुनासे उपर कारवाही गरी निर्णय दिनेछ । उक्त गुनासोको निर्णयमा चित्त नबुझेमा निर्देशक समिति समक्ष पुनरावलोकन गर्न सकिनेछ ।



(ङ) कुल लागतको कम्तिमा ५० प्रतिशत ब्यर्होने क्षमता रहेको पुष्टि गर्ने प्रमाण/कागजात पेश गर्नुपर्ने ।च) ब्यवसाय सञ्चालनको लागी सम्बन्धित स्थानिय वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्ने ।

(छ) विगत ३ बर्षमा नेपाल सरकारका कुनै पनि निकायबाट सम्झौता गरी न्युनतम १ लाख वा से भन्दा बढी उस्तै प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र पेश गर्नुपर्ने ।

(ज) विज्ञापनमा तोकिए बमोजिमका आवेदकको योगयता तथा पेश गर्नुपर्ने अन्य आवश्यक कागजपत्रहरु ।

**८. सुचना प्रकाशन तथा प्रस्ताव माग** ः (१) यस कार्यक्रम अर्न्तगत अनुसुचि–२ बमोजिमका बाली वस्तुमा सञचालन हुने क्रियाकलापको लागी स्विकृत कार्यक्रम बमोजिम अनुदानग्राही छनौट गर्न कार्यक्रम कार्यन्वयन ईकाईले जिल्ला स्तरको दैनिक पत्रिका एवं स्थानिय स्तरको पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई सुचना प्रकाशन गर्नेछ ।

(२) उपदफा(१) बमोजिमको सुचना प्रकाशन भएपछि दफा ७ (१) बमोजिमको योग्यता पुरा गर्ने आवेदकले सुचनामा तोकिएको समय भित्र तोकिएको निकायमा निवेदन, आवश्यक कागजात सहित निर्दिष्ट ढाँचामा पेश गर्नुपर्नेछ ।

(३) नया र पुराना दुवै ब्यवसायीले आवेदन दिन सक्नेछन् नया ब्यवसायीका हकमा स्पस्ट कार्ययोजना र पहिले देखिनै सञ्चालित ब्यवसायीक कृषकका हकमा हालको अवस्थाका अतिरिक्त स्तरवुद्धि (स्केलअप) वा विविधिकरण वा बजारीकरण सम्बन्धि विवरण प्रस्तावमा स्पष्ट हनुपर्नेछ ।

**९. प्रस्ताव मुल्याङ्कन तथा छनौट** ः (१) प्राप्त भएका आवेदनहरुको दफा ७ मा तोकिएका आवेदकका योग्यता सम्बन्धि सुचकका आधारमा कार्यक्रम कार्यन्वयन ईकाई बाट प्रारम्भिक छनौट गरीनेछ ।

(२) उपदफा(१) बमोजिम प्रारम्भिक छनौटमा सफल भएका आवेदक हर दोश्रो चरणमा प्रवेश गर्नेछन् ।

(३) दोश्रो चरणमा प्रवेश गरेका आवेदकहरुको प्रस्ताव अनुसुचि ३ (क) मा उल्लेख भएका आधारमा मुल्यांकन गरी प्राथमिकता क्रम अनुसार छनोट गर्न सकिनेछ । यी प्रस्तावहरु मध्येबाट पुनःअनुसुचि-३ (क) र ३(ख) को सयुक्त मुल्याङ्कन अंकको आधारमा लक्षित स.ख्या भन्दा ५० प्रतिशत बढि संख्यामा प्राथमिकता क्रम अनुसारका आवेदक हरुलाई स्थलगत जाँचका लागी छनौट गरीनेछ ।

(४) उपदफा ३ बमोजिमको अन्तिम सुचिमा परेका आवेदकहरु मध्येबाट प्राथमिकताक्रम अनुसार स्विकृत लक्ष्य बमोजिमको संख्यामा आवेदकहरुलाई छनौट तथा वार्ता गरी सम्झौता गरीनेछ ।

**१०. क्षमता विकासका कार्यक्रम एवं सम्झौता** : (१) सम्झौता भएका अनुदानग्राही हरुलाई कार्यक्रमको उद्धेश्यको बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरीनेछ ।

(२) छनौट भएका आवेदकहरुलाई व्यवसायको प्रकृति अनुसार समुहकृत गरी आवश्यकता अनुसारको उद्यमशिलता विकास तथा प्राविधिक क्षमता अभिवुद्धिका लागी नगर स्तरीय एक हप्ता सम्म सम्बन्धित विषयमा प्रयोगात्मक ज्ञान हासिल गरीसकेपछि मात्र दफा ८(५) बमोजिम छनौट भएका आवेदक संग कार्यक्रम कार्यन्वयन इकाई बाट तोकिएको ढाँचामा सम्झौता गरीनेछ ।

(३) कार्यक्रम सञ्चालन तथा कार्यालय व्यवस्थापन श्रोत व्यक्ति(प्राविधिक) को लागी स्विकृत कार्यक्रम बाटै आवश्यक बजेटको व्यवस्था गरीनेछ ।

(४) यस कार्यक्रम अन्तरगत प्रदान गरीने अनुदान मुलतः पुजिगत खर्च जस्तो पुर्वाधार, मेशिनरी औजार, रसायनिक मल,विउ,किटनाशक उन्नत नश्लका राँगा, साँढे, बोका कृत्रिम गर्भाधान,मासु पसल सुधार,डेरी पसल



सुधार ,गोठ खोर निर्माण व्यवसायिक कुखुरा पालनमा खोप,चारा काट्ने मेशिन आदिमा दिईनेछ।तर ढुवानी साधन खरीदका लागी अनुदान प्रयोग हुनेछैन ।

**११ अनुदान र भुक्तानी प्रकृया** :

(१) यस कृषि/पशु विकस कार्यक्रम सञ्चालन निर्देशिका अन्तरगत प्रदान गरीने अनुदान रकम बढिमा २(दुई) लाख रुपैयाँसम्म मात्र हुनेछ ।

(२) अनुदानको भुक्तानी सम्बन्धि सम्पुर्ण प्रकृया नेपाल सुकारले स्विकृत गरेको कृषि व्यवसाय पर्वद्धन अनुदान कार्यविधि २०७६ बमोजिम हुनेछ ।

## परिच्छेद-३

## विविध

**१२ प्रतिवेदन पेश गर्नुपर्ने**:

(१) सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन नियमित रुपमा कृषि विकास शाखा/पशु विकाश शाखाले नगर पालिकाको योजना शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनका आधारमा एकमुष्ठ विष्लेष्णात्मक प्रतिवेदन तयार गरी नगर पालिकाको निर्देशक समितिको बैठकमा समेत पेश गर्नु पर्नेछ ।

**१३. वाली पशुधन तथा मत्स्य बीमा** :

(१) उत्पादनमुखी व्यवसायको लागी आवेदकले सम्झौता गर्नु पुर्व वाली पशुधन तथा मत्स्य बीमा गरेको हुनुपर्नेछ । तर तोकिएको व्यवसायम बीमाको प्रवधान नभएको हकमा बीमा अनिवायृ हुनेछैन । बीमा नभएको अवस्थामा व्यवसायमा हुने सम्भावित क्षतिको जिम्मेवार आवेदक स्वयं हुनेछ ।

**१४. होर्डि· बोर्ड राख्नुपर्ने** : (१) छनौट भएको योजना कार्यन्वयनको सिलसिलामा सम्बन्धित आवेदकले कार्यक्रम कार्यन्वयन स्थलमा